**सम्बत् २०७५ साल मङ्सिर ३ गते सोमबारका दिन १६.०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ –**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- गरिबी निवारण कोषको उपाध्यक्ष पदमा श्री निर्मलकुमार भट्टराईलाई मनोनयन गर्ने ।

२. अर्थ मन्त्रालय- विश्व बैंकको सहायतामा सञ्चालित नेपाल एकद्वार प्रणालीको विकासका लागि छनौट भएका बोलपत्रहरूको दोस्रो चरणको मूल्याङ्कन गर्ने व्यवस्था हटाउने ।

३. अर्थ मन्त्रालय- एशियाली विकास बैङ्कबाट विद्युत प्रसारण आयोजनामा थप लगानीका लागि २० मिलियन अमेरिकी डलर ऋण स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय- Urban Water Supply and Sanitation (Sector) Project को लागि एशियाली विकास बैंकबाट १३० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने ।

५. गृह मन्त्रालय- नेपालमा रहेका भुटानी शरणार्थीको स्वदेश फिर्तिका लागि भुटान सरकार समक्ष अनुरोध गर्ने विषयको प्रस्ताव माननीय गृह मन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय अर्थ मन्त्री तथा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयका सचिव बीच छलफल गरी बाँकी रहेका भूटानी शरणार्थी सम्बन्धी समस्या र समाधानका उपायहरूको विषयको अवलम्बन गर्नुपर्ने नीति, रणनीति र कार्ययोजना तयार गर्ने गरी फिर्ता गर्ने ।

६. युवा तथा खेलकुद मन्त्रालय-स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

७. वन तथा वातावरण मन्त्रालय- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग (तेस्रो संशोधन) निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- प्रत्येक स्थानीय तहमा स्थानीय तह मातहत रही कार्य गर्ने गरी एक रोजगार सेवा केन्द्रको स्थापना गर्ने र ७५३ वटा रोजगार सेवा केन्द्रमा चालु आर्थिक वर्षका लागि ४८ वटा रा.प. अनं प्रथम श्रेणी, नायब सुब्बा सरहको र ७०५ वटा रा.प. तृतीय श्रेणी, शाखा अधिकृत सरहको अस्थायी दरबन्दी सिर्जना गर्ने ।

९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- मङसिर ११ गते लाई सामाजिक सुरक्षा दिवस घोषणा गर्ने ।

१०. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- समझदारी पत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने विषयको प्रस्ताव थप गृह कार्य गरी पेश गर्न फिर्ता गर्ने ।

११. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- Hongkong International Tourism Convention मा सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) को प्रभावकारी कार्यान्वयनको लागि केन्द्रीय आयोजनाको रुपमा नेपाल सरकारको तर्फबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गतबाट सञ्चालन गर्ने र सोही अनुसार बजेट विनियोजन हुने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने ।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- रोङ गाउँपालिका, इलामको केन्द्रसाविक कोल्बुङ्ग गाउँ विकास समितिको कार्यालयबाट हेरफेर गरी वडा नं. ४, पहरीगाउँ कायम गर्ने ।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-अर्थ मन्त्रालयमा कार्यरत लेखापाल श्री वीना पौडेललाई उपचार खर्च बापत रू. ५,००,०००/- (अक्षेरुपी पाँच लाख रुपैयाँ) थप आर्थिक सहायता दिने ।

१५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- आठविस नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, दैलेखमा कार्यरत नायव सुव्वा श्री गणेशमान सिंह को पत्नी जयन्ती सिंहलाई Mucinous tumor of appendix with peritoneal deposit भएकोले उपचार खर्च बापत रू. ५,००,०००/- (अक्षेरुपी पाँच लाख रुपैयाँ) थप आर्थिक सहायता दिने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल प्रशासन सेवाका सह-सचिव श्री दिपक सुवेदीलाई प्रदेश नम्बर २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा कायम मुकायम मुकरर गर्ने ।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय-नेपाल दूरसञ्चार कम्पनी लिमिटेड प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन), २०७५ स्वीकृत गर्ने ।

१८. सहरी विकास मन्त्रालय- प्रदेश सरकार मार्फत कार्यान्वयन हुने गरी हस्ताण्तरण भई गएका नयाँ शहर आयोजना, साहित्यकार झमक कुमारी घिमिरेको आवास निर्माण र प्राकृतिक प्रकोप तथा अन्य जोखिमयुक्त वस्ती सुरक्षित स्थानमा स्थानान्तरण गरी नमुना एकीकृत वस्ती विकास कार्यक्रम अन्तर्गतका पुर्वाधार निर्माण आयोजनाहरु संघ मार्फत कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

१९. सहरी विकास मन्त्रालय— जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

२०. सहरी विकास मन्त्रालय— सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको सहरी विकास मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२१. सहरी विकास मन्त्रालय— जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको सहरी विकास मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२२. निजामती सेवा ऐन, २०४९ को दफा २ उपदफा (२) को खण्ड (ङ) बमोजिम गठित बढुवा समितिको सिफारिसअनुसार निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङि्कत विशिष्ट श्रेणीको पदमा सहसचिव श्री केदार न्यौपानेलाई बढुवा गरी प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, बिराटनगरमा पदस्थापन गर्ने ।

२३. मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सर्वोच्च अदालत र मातहतका निकायहरूको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने ।

२४. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय- राष्ट्रिय उर्जा दक्षता रणनीति, २०७५ स्वीकृत गर्ने ।

२५. अर्थ मन्त्रालय- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने।

२६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय-  जीवनाषक विषादी व्यवस्थापन विषयको व्यवस्था गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृत दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**

**सम्बत् २०७५ साल मङ्सिर १०गते सोमबारका दिन ११.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ –**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश नं. ३ का माननीय मुख्यमन्त्री डोरमणि पौडेल र माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरूणप्रसाद नेपाललाई कतार भ्रमणमा जान स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारी र कर्मचारीको पारिश्रमिक एवम् अन्य सेवा सुविधा कायम गर्ने ।

३. अर्थ मन्त्रालय- भन्सार विभाग अन्तर्गत रहने गरी नेपाल एकद्धार प्रणाली आयोजना इकाईको अस्थायी दरबन्दि स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालय- महालेखा नियन्त्रक श्री सुरेश प्रधानको मनोनयन विषयको प्रस्ताव फिर्ता गर्ने ।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय- बीउ विजनको किसिम, जातहरूको सूची नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने ।

६. गृह मन्त्रालय- राजनीतिक वार्ता टोलीका लागि घर भाडा विषयको प्रस्ताव फिर्ता गर्ने ।

७. गृह मन्त्रालय- सुनसरी जिल्लाको दुहवी नगरपालिकामा घटेको घटनामा मृत्यु भएका फिदा हुसेनलाई शहीद घोषणा गर्ने र निजको परिवारलाई राहतस्वरुप दश लाख रुपैंया प्रदान गर्ने ।

८. गृह मन्त्रालय- गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालको (संशोधन) विधान, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

९. गृह मन्त्रालय- राजनीतिक वार्ता टोली २०७५ लाई प्रतिवेदन तयार गरी बुझाउने प्रयोजनका लागि २०७५ मङ्सिर २५ गतेसम्म अवधि थप गर्ने ।

१०. गृह मन्त्रालय — कपिलवस्तु घटनामा मृत्यु भएका राजाबाबु भन्ने दिपेन्द्र चौधरीको परिवारलाई राहतस्वरुप रु दश (१०) लाख उपलब्ध गराउने ।

११. परराष्ट्र मन्त्रालय— जलवायु परिवर्तन सम्बन्धी महासन्धिको २४ औं सम्मेलनलाई सम्बोधन गर्न सम्माननीय राष्ट्रपतिबाट पोल्याण्डको औपचारिक भ्रमण हुने कार्यक्रमका लागि प्रतिनिधिमण्डलको गठन गर्ने ।

१२. परराष्ट्र मन्त्रालय— क्याम्बोडिया र म्यान्मारका सरकार प्रमुखहरू र काठमाण्डौमा हुने एशिया प्यासिफिक समिट २०१८ को लागि आमन्त्रित विशिष्ट पाहुनाहरूलाई आतिथ्यता प्रदान गर्ने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय-गाउँब्लक जग्गाको नापजाँच गरी दर्ता गर्न स्वीकृति दिने ।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- झापा जिल्ला महारानीझोडा, लखनपुर,सतासीधाम, शिवगंज, धरमपुर, तोपगाछी क्षेत्रको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- साविक नेपाल पुर्नबास कार्यक्रम अन्तर्गत झापा जिल्ला पृथ्वीनगर गाउँ विकास समिति वडा नं.४ रंगेडाडा क्षेत्रमा २०३४/०३५ सालमा बसोबास गराईएका परिवार मध्ये नापी नक्शा छुट भएका बसोबासीहरूका नाममा जग्गा नाप जाँच गरी दर्ता सम्बन्धि सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— रेल्व ऐन, २०२० खारेज गरी रेल्वे सम्बन्धि विधेयक, २०७५ को तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१७. युवा तथा खेलकुद मन्त्रालय—माननीय युवा तथा खेलकुद मन्त्री श्री जगत बहादुर सुनार (विश्वकर्मा) लाई Dr.Ambedkar International Award-2018 ग्रहण गर्नका लागि भारत प्रस्थान गर्न स्वीकृति प्रदान गर्ने।

१८. युवा तथा खेलकुद मन्त्रालय— राष्ट्रिय खेलकुद सञ्चालन निर्देशिका, २०७५ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१९. रक्षा मन्त्रालय-नेपाली सेनाका सहायक रथी गणेश बहादुर कार्कीको राजीनामा स्वीकृत गर्ने ।

२०. रक्षा मन्त्रालय- नेपाल भारत सुरक्षा सम्बन्धी द्विपक्षीय परामर्श समूहको तेह्रौं बैठक मिति २०७५ मंसिर २७ र २८ गते (तदनुसार १३ -१४ डिसेम्बर, २०१८) मा नेपालमा आयोजना गर्ने।

२१. रक्षा मन्त्रालय- सहायक रथी कुवेर थापालाई मानार्थ उपरथी दर्जामा बढुवा गर्ने ।

२२. वन तथा वातावरण मन्त्रालय- लिपिङ खोला जलविद्युत आयोजना (१६.२६मे.वा.) निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

२३. वन तथा वातावरण मन्त्रालय- काबेली कोरिडोर १३२ के.भी. प्रसारणलाइनलाई थप वन क्षेत्र प्रयोग गर्न दिने ।

२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको म्याद २०७५/०८/१६ देखि लागु हुने गरी एक महिना सात दिन थप गर्ने ।

२५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ गर्न तथा सामाजिक सुरक्षा दिवसलाई भव्यताका साथ मनाउने सन्दर्भमा प्रचार प्रसार तथा सहारोह व्यवस्थापन लगायतका कार्य गर्नका लागि आवश्यक पर्ने रु. ६७,२३,७५०।–(रु. सतसठ्ठी लाख तेईस हजार सात सय पचास) अर्थ मन्त्रालयले सामाजिक सुरक्षा कोषलाई उपलब्ध गराउने । ।

२६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— रोजगारीको हक सम्बन्धी निमायवली, २०७५ मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- नेपाल र कम्बोडियाबीच हवाई सेवा सम्झौतामा प्रारम्भिक हस्ताक्षर गर्न स्वीकृति दिने ।

२८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- नेपाल पर्वतारोहण संघलाई हिमचुलीहरूको आम्दानीबाट प्रशासनिक खर्च गर्न स्वीकृति दिने ।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- कर्मचारी समायोजन विषयको व्यवस्था गर्न बनेको अध्यादेश, २०७५ जारी गर्न सम्मानीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

३०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– भरतपुर महानगरपालिका र Bayside Council Australia बिच भगिनी सम्बन्ध कायम गर्न पूर्व स्वीकृति प्रदान गर्ने तथा भरतपुर महानगरपालिकाका प्रमुख श्री रेणु दाहालको वैदेशिक भ्रमण स्वीकृत गर्ने ।

३१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

३२. मं.प.बै.सं. ६३।०७४ मिति २०७४/१२/७ को बैठकबाट गठन भई मं.प.बै.सं. १६।०७५ मिति २०७५/३/१५ को बैठकबाट फेरफेर तथा थप भएको मन्त्रिपरिषद्का समितिमा देहायबमोजिम हेरफेर तथा थप गर्ने-

(क) <u>राजनैतिक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री | — | संयोजक |
| २. | माननीय उपप्रधानमन्त्री एवं रक्षामन्त्री | — | सदस्य |
| ३. | माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री | — | सदस्य |
| ४. | माननीय गृहमन्त्री | — | सदस्य |
| ५. | माननीय परराष्ट्रमन्त्री | — | सदस्य |
| ६. | माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री | — | सदस्य |
| ७. | माननीय श्रम, रोजगार, तथा सामाजिक सुरक्षामन्त्री | — | सदस्य |
| ८. | माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | — | सदस्य |

(ख) <u>प्रशासन समिति</u>

| | | | |
|---|---|---|---|
| १. | माननीय उपप्रधानमन्त्री एवं रक्षामन्त्री | — | संयोजक |
| २. | माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री | — | सदस्य |
| ३. | माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री | — | सदस्य |
| ४. | माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री | — | सदस्य |
| ५. | माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री | — | सदस्य |
| ६. | माननीय वन तथा वातावरणमन्त्री | — | सदस्य |
| ७. | माननीय अर्थमन्त्री | — | सदस्य |
| ८. | माननीय खानेपानीमन्त्री | — | सदस्य |

(ग) <u>सामाजिक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | माननीय गृहमन्त्री | — | संयोजक |
| २. | माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री | — | सदस्य |
| ३. | माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री | — | सदस्य |
| ४. | माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री | — | सदस्य |
| ५. | माननीय वन तथा वातावरणमन्त्री | — | सदस्य |
| ६. | माननीय युवा तथा खेलकुदमन्त्री | — | सदस्य |
| ७. | माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री | — | सदस्य |
| ८. | माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री | — | सदस्य |

(घ) <u>आर्थिक तथा पूर्वाधार समिति</u>

| | | | |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | — | संयोजक |
| २. | माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री | — | सदस्य |
| ३. | माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री | — | सदस्य |
| ४. | माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री | — | सदस्य |
| ५. | माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | — | सदस्य |
| ६. | माननीय सहरी विकासमन्त्री | — | सदस्य |

७. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री — सदस्य
८. माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री — सदस्य
९. माननीय खानेपानीमन्त्री — सदस्य

(ङ) **विधेयक समिति**

१. माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री — संयोजक
२. माननीय परराष्ट्रमन्त्री — सदस्य
३. माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री — सदस्य
४. माननीय श्रम, रोजगार, तथा सामाजिक सुरक्षामन्त्री — सदस्य
५. माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री — सदस्य
६. माननीय अर्थमन्त्री — सदस्य
७. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री — सदस्य
८. माननीय युवा तथा खेलकुदमन्त्री — सदस्य

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**

**सम्बत् २०७५ साल मङ्सिर १७ गते सोमबारका दिन १७:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ**

१. अर्थ मन्त्रालय- कर सम्बन्धी विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिको प्रतिवेदन कार्यान्वयन गर्ने ।

२. रक्षा मन्त्रालय- डोटी जिल्लामा तैनाथ श्री रुद्रध्वज गणको लागि जग्गा खरिद गर्ने ।

३. वन तथा वातावरण मन्त्रालय- पोल्याण्ड सरकारद्वारा राष्ट्र संघीय संरचना महासन्धी अन्तर्गतका पक्षराष्ट्रहरूको २४ औं सम्मेलन (CoP२४) मा Declaration गर्ने प्रस्ताव Solidarity and Just Transition Silesia Declaration लाई अनुमोदन गर्ने ।

४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानहरूको कार्यक्षेत्र निर्धारण गर्ने विषयको प्रस्ताव माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, माननीय अर्थ मन्त्री र माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीले थप गृह कार्य गर्ने गरी फिर्ता गर्ने ।

५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय– रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गर्ने ।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- महाकवि लक्ष्मी प्रसाद देवकोटाको आवासलाई संग्रहालय बनाउने ।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- साना सिचाँइ कार्यक्रम र बजेट प्रदेशबाट झिकि स्थानीय तहमा पठाउने केन्द्रिय आयोजनाको रुपमा सञ्चालन तथा कार्यान्वयन गर्ने।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- नेपाल इन्जिनियरिङ्ग सेवा, मेट्रोलोजी समूहका सहसचिव (प्रा.) राम आधार साहलाई सम्बन्धित सेवा, समूहको पदमा व्यवस्थापन गर्ने ।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र खारेज गर्ने ।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- पुथा उत्तरगंगा गाउँपालिका, रुकुम (पूर्वी रुकुम) को केन्द्र साविक कोल गाँउ विकास समितीको कार्यालयबाट हेरफेर गरी तकसेरा कायम गर्ने ।

११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - संयुक्त हुलाक टिकट प्रकाशन गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न हुलाक सेवा विभागका महानिर्देशकलाई अख्तियारी प्रदान गर्ने ।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- हुलाक सेवा सम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने ।

१३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक पदमा नियुक्ति सिफारिस गर्न छनौट समिति गठन गर्ने ।

१४. सहरी विकास मन्त्रालय- अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (दोस्रो संशोधन) २०७५ स्वीकृत गर्ने ।

१५. सहरी विकास मन्त्रालय— काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन गर्न नुवाकोट जिल्लाको बञ्चरेडाँडामा निर्माण गर्नुपर्ने १५ मिटर अग्लो ड्यामर अन्य पुर्वाधार सहितको ल्याण्ड फिल्ड साइट निर्माण गर्ने जिम्मा सहरी विकास मन्त्रालयलाई दिने ।

१६. सहरी विकास मन्त्रालय–

क. ललितपुर जिल्ला ललितपुर महानगरपालिका सैवु भैसेपाटी स्थित सैवु आवास क्षेत्रमा सांसद आवासको लागि छुट्याइएको १४९-४-०-३.२८ रोपनी जग्गामा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, उपाध्यक्ष, उपसभामुख र मन्त्रीज्यूहरुको लागि २७ वटा आवास भवनका साथै प्रदेश प्रमुख र मुख्यमन्त्री आवास/सम्पर्क कार्यालयका लागि १४ वटा भवनहरु निर्माण गरी ललितपुरको पूल्चोक स्थित हालको मन्त्री निवास स्थानान्तरण गर्ने ।

ख. ललितपुरको पूल्चोक स्थित हालको मन्त्री निवास रहेको परिसरमा १० वटा राजकिय अतिथि गृह (State Guest House) निर्माण गर्ने र सोको लागि मन्त्री निवास रहेको जग्गा अपर्याप्त भएमा त्यस आसपासको नेपाल राष्ट्रिय पुस्तकालय सहितको सरकारी जग्गा समेत प्राप्त गर्ने ।

ग. सम्माननीय प्रधानमन्त्रीज्यूको लागि वालुवाटार स्थित हालको निवास परिसरको उपयुक्त स्थानमा आवश्यक सम्पूर्ण सेवा सुविधायुक्त नयाँ आवास भवन निर्माण गर्ने ।

१७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- लोकसेवा आयोगको सिफारिश अनुसार महेश्वर श्रेष्ठ लाई नेपाल स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समुह, प्रमुख स्वास्थ्य शिक्षा प्रशासक (एघारौं तह) पदमा नियुक्ति गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- डा. नित्यप्रसाद खनालको राजीनामा स्वीकृत गर्ने ।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-मेडिको लिगल सेवा सञ्चालन निर्देशिका, २०७५ मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- डा. आनन्दबहादुर श्रेष्ठको राजीनामा स्वीकृत गर्ने ।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - स्वास्थ्य वीमा बोर्डको कार्यकारी निर्देशक पदमा रमेशकुमार पोखरेल, विराटनगर-५, मोरङ्गलाई नियुक्त गर्ने ।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - अमेरिकाको भर्जिनियामा हुने कार्यक्रममा प्रमुख बिशेषज्ञ डा. शुशिलनाथ प्याकुरयालको सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -भेरी अञ्चल अस्पताललाई ५०० शैयामा स्तरोन्नति गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -विशेषज्ञ सेवा सहितको (Tertiary Hospital) अस्पतालको रूपमा रूपान्तरण गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – ७७ जिल्लामाल जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालय स्थापना गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचीहरूमा हेरफेर तथा थपघट गर्ने ।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- "कर्मचारी समायोजन विषयको व्यवस्था गर्न बनेको अध्यादेश, २०७५" जारी हुन नेपालको संविधानको धारा ११४ उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२८. अर्थ मन्त्रालय- नेपाल भारत एकिकृत भन्सार जाँच चौकी, वीरगञ्ज बाट प्रभावित ३४६ परिवारमध्ये नेपालभर जग्गाविहिन हुन पुगेकालाई रु १,५०,००० ।- र मुआब्जाबाट अन्यत्र स्थापित हुन नसकेकालाई रु १,००,०००।—(अन्य अवस्था वा क्षेत्रमा लागु नहुने गरी) राहत दिने ।

२९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री अनुपकुमार उपाध्यायले मिति २०७२/८/१९ गतेदेखि लागू हुने गरी आफ्नो पदबाट दिनुभएका राजिनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

३०. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई Universal Peace Federation वाट Leardership and Good Governance Award सहित प्राप्त अमेरिकी डलर एक लाखमा सोही बराबर रकम नेपाल सरकारले थप गरी शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने प्रतिभाशाली युवा तथा अन्य व्यक्तिलाई प्रोत्साहन दिने तथा हौसला प्रदान गर्ने उद्देश्यले "प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार" कोष स्थापना गर्ने ।

३१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल स्वास्थ्य सेवातर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पद एक अस्थायी दरबन्दी सिर्जना गर्ने ।

३२. निजामती सेवा नियमावली, २०५० को नियम १३६ को अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची -२क. को खण्ड (ङ) को क्रमसङ्ख्या (२७) पछि देहायको क्रमसङ्ख्या (२८) थप गर्ने ।सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।
(२८) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिव -१

३३. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री मधुप्रसाद रेग्मी | सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय | सचिव, निर्वाचन आयोग |
| २. | श्री केदारबहादुर अधिकारी | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ३. | श्री वेगेन्द्रराज शर्मा पौडेल | सचिव, निर्वाचन आयोग | सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय |

३४. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ७. बमोजिम अनुसूची २ अन्तर्गत गृह मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यविभाजनमा हेरफेर गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**

**सम्बत् २०७५ साल मङ्सिर २४ गते सोमबारका दिन १७:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ**

१. अर्थ मन्त्रालय- नेपाल कपडा उद्योग संघले उठाएका विषयको राय सुझाव दिन गठित कार्यदलको प्रतिवेदन, २०७५ मा उल्लेखित सुझावहरू कार्यान्वयन गर्ने ।

२. अर्थ मन्त्रालय- साना किसानहरूले तत्कालीन साझा सहकारी संस्थाहरूबाट लिएको ऋण मिनाहा गर्ने ।

३. अर्थ मन्त्रालय- नेपाल बाहिर मुद्रा निकासी वा पैठारी गर्नेसम्बन्धी सूचना प्रकाशन गर्ने ।

४. अर्थ मन्त्रालय- ग्रामीण स्वावलम्बन कोषका कार्यक्रमहरू साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट सञ्चालन गर्न सैद्धान्तिक सहमति दिने

५. अर्थ मन्त्रालय– हेजिङ्गसम्बन्धी नियमावली, २०७५ जारी गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

६. उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय - आर्थिक वर्ष २०७५/०७६ को लागि विकास आयोजनाको लागि ३ (तीन) राजपत्राङ्कित पदको अस्याथी दरबन्दी सिर्जना गर्ने।

७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल कानून व्यवसायी परिषद् लाई २५ औं रजत महोत्सव मनाउन बीस लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने।

८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ स्वीकृत गर्ने ।

९. खानेपानी मन्त्रालय— विभिन्न संघीय आयोजनाको लागि १६७ राजपत्राङ्कित पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१०. गृह मन्त्रालय- जिल्ला सिराहा गा.वि.स. पोखरभिण्डा वडा नं. ९ हाल लक्ष्मीपुर पत्तारी गा.पा. वडा नं. २ बस्ने गीतादेवी साह (मृतक प्रमोद साहकी पत्नी) लाई रु. २,००,०००/- (अक्षेरपि दुई लाख रुपैयाँ) राहत उपलव्ध गराउने ।

११. गृह मन्त्रालय— प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने विषयको व्यवस्था गर्न बनेको अध्यादेश उपर लोक सेवा आयोगको परामर्श लिने ।

१२. परराष्ट्र मन्त्रालय— नेपाल र कम्बोडिया सरकारका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने ।

१३. परराष्ट्र मन्त्रालय–नेपाल-चीनबीचको १२ औं कूटनीतिक परामर्श संयन्त्रको बैठकमा सहभागी हुन परराष्ट्र सचिवलाई स्वीकृति प्रदान गर्ने ।

१४. परराष्ट्र मन्त्रालय– मिति २०७५ पौष ३ र ४ मा संयुक्त राज्य अमेरिकाको वाशिङ्टनमा अमेरिकाका विदेशमन्त्री Mike Pompeo सँग हुने भेटवार्तामा माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने ।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१ बमोजिम सूचना प्रकाशन गर्न स्वीकृत दिने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- SASEC Trade Faciliation Programme अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा भारत सरकार मार्फत निर्माण हुने मेची पुल (काँकडभिट्टा पूर्व मे.न.पा. १०) को लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्न पहुँच मार्ग (Approach Road) सहित नयाँ पुलको केन्द्र बिन्दुबाट दाँया र बाँया २५/२५ मिटरको जग्गा अधिग्रहण गर्न स्वीकृति प्रदान भईसकेको हुँदा अब उक्त पहुँच

मार्ग (Approach Road) मा पर्ने घर टहराहरुमध्ये जग्गाधनी प्रमाण पूर्जा नभएकाहरुको हकमा निर्मित घर टहराको मात्र क्षतिपूर्ति उपलब्ध गराउन र जग्गाधनी प्रमाण पूर्जा भएकाहरुको हकमा जग्गा तथा घर टहराहरुको मुआब्जा दिन जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम स्वीकृति प्रदान गर्ने । ।

१७. रक्षा मन्त्रालय— काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग निर्माणको लागि आवश्यक जग्गा अधिग्रहण गर्ने क्रममा विभिन्न कारणले क्षतिपूर्ति दिन छुट भएका १०१ जनाको ऐलानी जग्गा र सोमा निर्मित संरचनाहरूलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।९।५ को निर्णयानुसार क्षतिपूर्ति प्रदान गर्ने।

१८. वन तथा वातावरण मन्त्रालय- बालाजु-त्रिशुली-छहरे-विदुर सडक योजना स्तरोन्नतिको लागि रुखहरू हटाउन दिने ।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय–साक्षर नेपाल वर्ष, २०७६ को अवधारणा पत्र स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितको नेतृत्वमा ५ सदस्यीय टोलीको भारत भ्रमण स्वीकृत गर्ने ।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय–गोरखापत्र संस्थानमा सल्लाहकारमा टिकाराम राई र कुमार प्रसाद भट्टराईलाई २ वर्षको लागि नियुक्ति गर्ने ।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— नेपाल सरकार र भारत सरकारबीच Cooperation in the Field of Health and Medicine सम्बन्धी समझदारी पत्रमा माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई हस्ताक्षर गर्न स्वीकृति गर्ने ।

२३. मिति २०७५/८/१० को बैठकबाट २०७५ मङ्सिर २५ गतेसम्म अवधि थप गरिएको राजनीतिक वार्ता टोलीलाई बाँकी कार्य सम्पन्न गर्न १५ दिन अवधि थप गर्ने ।

२४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| ४. | श्री शिशिरकुमार ढुङ्गाना | सचिव (राजस्व), अर्थ मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५. | श्री लालशंकर घिमिरे | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव (राजस्व), अर्थ मन्त्रालय |

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।**